नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(......मान्यता, समकक्षता तथा मूल्याङ्कन...... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्डः १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- २०८१/०८२

चलानी नं.:- ७६

मितिः २०८१।०५।०९

**विषय : स्वीकृत पाठ्यपुस्तक /पाठ्यसामग्री/सिकाइ सामग्री मात्र प्रयोग गर्ने गराउनेसम्बन्धी सूचना ।**

श्री सम्पूर्ण विद्यालयहरू /श्री स्थानीय तहहरू (सबै)।

प्रस्तुत विषयमा शिक्षा ऐन २०२८ (संशोधनसहित) को दफा ८ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक लागु गर्नुपर्छ भन्ने व्यवस्था, शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ३४ मा विद्यालयमा अध्यापन गराउने पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार गर्नुपर्ने व्यवस्था रहेको । शिक्षा नियमावलीको नियम ३५ ले कुनै विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तकको अलावा थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा शिक्षा विकास तथा समन्वय इकाइबाट स्वीकृति लिनुपर्ने र इकाइले स्वीकृति दिँदा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा भएको हुनपर्ने व्यवस्था छ । पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ मा कुनै पनि प्रकाशक/मुद्रक वितरकले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति लिएर मात्र पाठ्यपुस्तक मुद्रण र बिक्री वितरण गर्नुपर्ने विद्यमान व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

उक्त व्यवस्था अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, थप पाठ्यसामग्री/सिकाइ सामग्री डिजिटलसमेत मूल्याङ्कन तथा स्वीकृति प्रदान गरी सूचीकृत गराउने कार्य यस केन्द्रले गर्दै आएको छ । यस केन्द्रबाट स्वीकृति प्रदान गरिएका पाठ्यपुस्तक र पाठ्यसामग्री/सिकाइ सामग्रीहरू यस केन्द्रको वेबसाइट (moecdc.gov.np) मा प्रत्येक वर्ष सूचीकरण गर्ने गरिएको छ । कतिपय विद्यालयहरूमा यस केन्द्रबाट स्वीकृति प्रदान नगरिएको पाठ्यपुस्तक/थप पाठ्यसामग्री/सिकाइसामग्रीहरू विद्यालयमा प्रयोग गरेको भन्ने गुनासो यस केन्द्रमा प्राप्त भएकाले यस केन्द्रबाट स्वीकृति प्रदान गरिएका प्रारम्भिक बाल विकास र शिक्षादेखी कक्षा १२ सम्मका पाठ्यपुस्तक/पाठ्यसामग्री/सिकाइ सामग्रीहरू (डिजिटलसमेत) मात्र सबै प्रकारका विद्यालयरूमा प्रयोग गर्ने गराउने व्यवस्थाका लागि अनुरोध छ । तसर्थ प्रचलित कानुनी प्रावधान विपरीत पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नगरिएका पाठ्यपुस्तक/पाठ्यसामग्री/सिकाइ सामग्रीहरू(डिजिटलसमेत) आफूखुसी प्रयोग गरेको गराइएको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही भई जाने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**बोधार्थ**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय इकाइहरू, (सबै) : आवश्यक सहयोग र समन्वयका लागि ।
श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपाल/ नेपाल नगरपालिका संघ : आवश्यक सहयोग र समन्वयका लागि ।

२०८१।०५।०९

तेज बहादुर थापा
शाखा अधिकृत